सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक २९१ ♦ २०८१ साल साउन १ गते मंगलवार ♦ 16 July 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ। सोमबार बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँ बढाउने निर्णय गरेको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए।

बढेको मूल्य सोमबार राति १२ बजेदेखि कार्यान्वयनमा आउने निगमले जनाएको छ ।

मूल्य बढेसँगै पहिलो, दोस्रो र तेस्रो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमशः रु एक सय ६८ रुपैयाँ ५० पैसा, एक सय ७० र एक सय ७१ तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर क्रमशः एक सय ५७ रुपैयाँ ५० पैसा, एक सय ५९ र एक सय ६० कायम भएको छ।-खबरदर्पण

# मधेश प्रदेशमा ६१ प्रतिशत मात्र रोपाइँ



**खबर दर्पण समाचारदाता**

**असार ३१ गते, बर्दिवास**

मधेश प्रदेशमा यस वर्ष ६१ प्रतिशत खेतमा धान रोपाइँ भएको छ। मधेश प्रदेशमा कूल पाँच लाख ७४ हजार ३६० हेक्टर खेतीयोग्य जग्गा छन् । जसमध्ये तीन लाख ८६ हजार १५० हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ भएको छ ।

प्रदेशभरिमा दुई लाख ३५ हजार ४७४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको छ । अर्थात् ६० दशमलव ९८ प्रतिशत हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ सम्पन्न भएको हो।

मधेश प्रदेशका आठ जिल्लाहरूमध्ये सबभन्दा कम महोत्तरीमा ४० प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ भएको छ । यस जिल्लामा ६७ हजार ३५२ हेक्टर जग्गा खेतीयोग्य रहेकोमा ४४ हजार १५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । अहिलेसम्ममा १७ हजार ६६० हेक्टर खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ भएको कृषि विकास निर्देशनालय नक्टाझिज धनुषाले जनाएको छ ।

त्यस्तै, कम रोपाइँ भएको दोस्रो सिरहा जिल्ला हो । यहाँ ७३ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ भइरहेको छ। अहिलेसम्ममा २४ हजार तीन सय हेक्टर अर्थात् ४५ प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको निर्देशनालयका योजना शाखाका प्रतिभा कुमारी यादवले बताउनुभयो । मधेश प्रदेशको पर्सा, सर्लाही, सप्तरी र बारामा ७० प्रतिशत खेतमा धान रोपाइँ भइसकेको छ । पर्सामा ५४ हजार ७३२ हेक्टर खेतीयोग्यमध्ये ४७ हजार १३० हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ भइरहेकोमा अहिलेसम्म ३२ हजार ९९१ हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ सम्पन्न भएको मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । मन्त्रालयको अनुसार सर्लाहीमा ८४ हजार ६७८ हेक्टर खेतीयोग्यमध्ये ४६ हजार हेक्टरमा धान रोपाइँ भइ रहेको छ। हालसम्म ३२ हजार दुई सय हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ भइसकेको छ ।

यस्तै, सप्तरीमा कूल ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टरमा धान रोपाइँ भइरहेकोमा यस वर्ष अहिलेसम्ममा ४७ हजार छ सय

*बाँकी पृष्ठ २ मा*

# यस्ता छन् ओली नेतृत्वको मन्त्रिपरिषद् टिम



**खबर दर्पण समाचारदाता**

**असार ३१ गते, बर्दिवास**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको शपथ लिएसँगै मन्त्रिपरिषद् गठन गरेका छन् ।

चार दललाई समेटेर उनले २२ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका हुन् । एमालेसहित नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मन्त्रिपरिषद्मा सहभागी छन् । जसमा कांग्रेसका १०, एमालेका ८, जसपाका २ र लोसपाका १ छन्। कांग्रेसबाट प्रकाशमान सिंह र एमालेबाट विष्णुप्रसाद पौडेलले सरकारको नेतृत्व गरेका छन् ।

### को-को छन् मन्त्रीपरिषदमा ?

प्रकाशमान सिंह : उपप्रधान एवम् सहरी विकास मन्त्रालय

विष्णु पौडेल : उपप्रधान एवम् अर्थ मन्त्रालय

पृथ्वीसुब्बा गुरुङ : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

रमेश लेखक : गृह मन्त्रालय

शरतसिंह भण्डारी : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

आरजू राणा देउवा : परराष्ट्र मन्त्रालय

प्रदीप पौडेल : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

बद्री पाण्डे : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

रामनाथ अधिकारी : कृषि तथा पशुपक्षी मन्त्रालय

प्रदीप यादव : खानेपानी मन्त्रालय

बलराम अधिकारी : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

दामोदर भण्डारी : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नवलकिशोर साह सुडी : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

देवेन्द्र दाहाल : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

तेजुलाल चौधरी : युवा तथा खेलकुद मन्त्रालय

अजय चौरसिया : कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

विद्या भट्टराई : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

मानवीर राई : रक्षा मन्त्रालय

दीपक खड्का : ऊर्जा, सिचाइँ तथा जलस्रोत मन्त्रालय

राजकुमार गुप्ता : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

ऐनबहादुर शाही : वन तथा वातावरण मन्त्रालय







# शरदसिंह भण्डारी जो पञ्चायति व्यवस्था देखि हाल सम्म २० औँ पटक मन्त्री बने



**खबर दर्पण समाचारदाता**
**असार ३१ गते, बर्दिवास**

वि.सं. २०२८ सालदेखि सक्रिय राजनीति गर्दै आएका लोकतान्त्रिक समाजवादीका नेता शरदसिंह भण्डारी २० औं पटक मन्त्री बनेका छन्।

गत असार १७ गते नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन बनेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल असार २८ मा सत्ताबाट बाहिरिएका थिए ।

यस्तोमा एमाले र कांग्रेसको गठबन्धनलाई पनि महन्थ ठाकुर नेतृत्वको लोसपाले साथ दिएको थियो । त्यही साथको गुन तिर्दै नयाँ प्रधानमन्त्री केपी शर्मा ओलीले एक मन्त्री पद लोसपालाई दिएका हुन् ।

लोसपालाई ओलीले गुन तिर्दा अध्यक्ष महन्थ ठाकुरले शर दसिंहलाई नै फेरि मन्त्री बनाएका हुन् । उनी फेरि श्रममन्त्री बनेका हुन् । यसअघि प्रचण्ड नेतृत्वको सरकारमा डोलप्रसाद अर्याल श्रम मन्त्री थिए।

राष्ट्पति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्री ओलीसँगै २१ जना मन्त्रीहरुलाई शपथग्रहण गराएका छन् ।

शीतलनिवासमा सोमबार आयोजित एक समारोहमा उनले नेपाली कांग्रेस, नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का तर्फबाट मन्त्रिपरिषद् सदस्य बनाइएकाहरुलाई शपथग्रहण गराएका हुन् ।

शपथग्रहण गर्नेमा पहिलोपल्ट मन्त्रिपरिषद्को अनुभव लिन लागेका दर्जन नयाँ अनुहारदेखि दर्जनबढी पटक मन्त्रीको शपथ खाइसकेका शरदसिंह भण्डारी सम्म रहेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेता भण्डारीलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी दिइएको छ । उनी विगत ३७ वर्षयता फरक-फरक व्यवस्था र दलको नेतृत्वमा गठन भएका मन्त्रिपरिषद्हरुमा मन्त्री बन्दै आएका छन् ।

## शरदसिंहलाई २० औं अवसर

वरिष्ठ पत्रकार भैरव रिसाल र भरतराज पोखरेलले 'नेपालका मन्त्री र सांसदहरु' नामक पुस्तकमा २०७५ सम्म बनेका नेपालका मन्त्रिमण्डलहरुको सूची छ ।

उक्त पुस्तकमा रहेको मन्त्रिमण्डलको सूचीअनसार भण्डारी मन्त्रिमण्डल निर्माण, पुनर्गठन र विस्तारमा गरी २०७५ सम्मै १७ पटक मन्त्री बनिसकेका छन् ।

उनी त्यसयता केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र फेरि अहिले ओली नेतृत्वको गरी २० औं पटक मन्त्री बनेका छन् ।

भण्डारी पहिलो पटक २०४३ असार २ मा सहायकमन्त्रीका रुपमा मन्त्री मण्डलमा प्रवेश गरेका थिए । त्यसयता उनले ११ वटा मन्त्रालयको नेतृत्व लिइसकेका छन् ।

पञ्चायत तथा स्थानीय विकास सहायक राज्यमन्त्रीबाट सुरु भएको उनको सत्ता २० औं पटकसम्म आइपुग्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा पुगेको छ । २०७९ चैतमा प्रचण्ड नेतृत्वको सरकार मा पनि उनी यही मन्त्रालयमा थिए ।

उनले यसअघि वाणिज्य राज्यमन्त्री, विनाविभागीय राज्यमन्त्री, युवा खेलकुद तथा संस्कृति, स्वास्थ्य, पर्यटन तथा नागरिक उड्डयन, रक्षा, उर्जा, जलस्रोत तथा सिचाइँमन्त्रालय सम्हालेका थिए ।

लोसपा नेता भण्डारी एमालेका अध्यक्ष ओली नेतृत्वको यसअघिको सरकारमा ऊर्जा, जलस्रोत तथा सिचाइँमन्त्री थिए । त्यसअघि २०६८ भदौमा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा रक्षामन्त्री थिए ।

भण्डारी पञ्चायत, प्रजातन्त्र र गणतन्त्र गरी तीनै व्यवस्थामा सरकारमा सहभागी भएका नेता हुन् । उनी पञ्चायती व्यवस्था अन्तर्गत २०४३ असार २ मा मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारमा पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री भएका थिए ।

सिंह नेतृत्वको तत्कालीन सरकार पुनर्गठन हुँदा २०४५ कात्तिकमा उनको मन्त्रालय फेरिएको थियो । पुनर्गठित मन्त्रिपरिषद्मा भण्डारी वाणिज्य राज्यमन्त्री थिए ।

प्रधानमन्त्री सिंहले २०४६ भदौ १४ र चैत १९ मा पनि मन्त्रिपरिषद् पुनर्गठन गर्दा पनि भण्डारीले वाणिज्य राज्यमन्त्रीको जिम्मा पाए ।

२०४६ सालको जनआन्दोलनपछि उनी २०५२ मा फेरि मन्त्री बने । २०५२ भदौ २७ मा प्रधानमन्त्री शेर बहादुर देउवा नेतृत्वको सरकार मा बिनाविभागीय राज्यमन्त्री भए ।

देउवा नेतृत्वको उक्त सरकार मा २०५२ मंसिर २७ मा बिनाविभागीय राज्यमन्त्री बनेका उनी २०५३ जेठ ४, जेठ २८ को पुनर्गठनमा पनि यथावत रहे । तर, २०५३ पुस २४ मा भएको पुनर्गठनमा बिनाविभागीय मन्त्रीमा उनको बढुवा भयो ।

उनी २०५४ असोज २१ मा राप्रपा नेता सूर्यबहादुर थापाको नेतृत्वमा सरकार गठन हुँदा युवा खेलकुद तथा संस्कृति मन्त्री भए । प्रधानमन्त्री थापाले २०५४ कात्तिक २१ र मंसिर १८ मा मन्त्रिपरिषद् पुनर्गठन गर्दा उनले खेलकुदमन्त्रीका रुपमा निरन्तरता पाएका थिए ।

कांग्रेस नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा २०५६ जेठ १७ मा सरकार गठन भएको थियो । उक्त सरकारमा पनि भण्डारीले खेलकुद मन्त्रीका रुपमा निरन्तरता पाएका थिए ।

२०५६ असार १६ मा भएको मन्त्रिमण्डल विस्तारमा खेलकुद मन्त्रालय नै पाएका भण्डारीले त्यसै साल फागुन २७ मा भएको पुनर्गठनमा स्वास्थ्यमन्त्रीको जिम्मेवारी पाएका थिए ।

२०५८ साउन ११ मा देउवा फेरि प्रधानमन्त्री हुँदा भण्डारीले फेरि स्वास्थ्यमन्त्री बन्ने अवसर पाएका थिए ।

माधवकुमार नेपाल नेतृत्वमा २०६६ जेठमा गठित सरकारमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री बनेका भण्डारी २०६८ भदौमा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा रक्षामन्त्री भए ।

२०७८ असार २९ मा कांग्रेस सभापति देउवा पाँचौंपल्ट प्रधानमन्त्री बन्नुअघि एमाले अध्यक्ष ओली नेतृत्वको तत्कालीन सरकारमा भण्डारी १३ दिनका लागि ऊर्जा, जलस्रोत तथा सिचाइँमन्त्री थिए ।

## सबै व्यवस्थामा मन्त्री

भण्डारी २०४३ मा पहिलो पटक सहायकमन्त्री हुँदा पञ्चायती व्यवस्था थियो । पुख्यौंली थलो पोखराका भण्डारी २०३८ र २०४३ मा महोत्तरीबाट राष्ट्रिय पञ्चायत सदस्य भए ।

२०४६ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि भण्डारीले पञ्चायती प्रधानमन्त्री सूर्यबहादुर थापा नेतृत्वमा गठन भएको राप्रपा (थापा) रोजेर तत्कालीन महोत्तरी-५ मा त्यही पार्टीबाट प्रतिस्पर्धा गरेका थिए।

उक्त निर्वाचनमा उनी ९ हजार ४५९ मतसहित दोस्रो भए ।

उक्त निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका वसन्तकुमार गुरुङ १४ हजार ५ सय २८ मतसहित निर्वाचित भए ।

तर, २०५१ को निर्वाचनसम्म पुग्दा भण्डारीले राप्रपा पनि परित्याग गरिसकेका थिए । २०५१ को मध्यावधि निर्वाचनमा भण्डारीले महोत्तरी-४ बाट स्वतन्त्र उम्मेदवारी दिए । उक्त निर्वाचनमा ११ हजार ३ सय ९५ मतसहित संसदमा आए ।

उनले २०४८ मा आफूलाई पराजित गर्ने कांग्रेस नेता गुरुङलाई पराजित गरेर २०४८ को हार को बदला लिएका थिए । गुरुङले १० हजार ५ सय ८५ मत प्राप्त गरेका थिए ।

२०४८ मा राप्रपा (थापा) र २०५१ मा स्वतन्त्र उम्मेदवार का रुपमा प्रतिस्पर्धा गरेका उनी २०५१-०५५ को 'हङ पार्लियामेन्ट' का बेला कांग्रेससँग नजिकिएका थिए । पछि पार्टी नै प्रवेश गरे । त्यसबेला उनी कांग्रेस नेता कृष्णप्रसाद भट्टराईनिकट थिए ।

कांग्रेस प्रवेश गरेपछि उनले २०५६ मा महोत्तरी-३ बाट प्रतिस्पर्धा गरे । उक्त निर्वाचनमा भण्डारी २० हजार ४ सय ८६ मतसहित निर्वाचित भए । राप्रपा उम्मेदवार रामविलास यादवले १२ हजार १ सय ५४ मत ल्याए ।

दोस्रो जनआन्दोलनलगत्तै मधेशमा मधेशवादी दलहरु शक्तिशाली भए । त्यहीक्रममा कांग्रेस परित्याग गरी उनी मधेशी जनअधिकार फोरममा प्रवेश गरे । त्यसयता २०७० बाहेक भण्डारी सदैव मधेशवादी दलबाट निर्वाचित भएका छन् ।

त्यसमध्ये २०६४ मा उनी तत्कालीन फोरमबाट निर्वाचित भए । तर, फोरम विभाजित भएपछि विजयकुमार गच्छदार नेतृत्वको फोरम (लोकतान्त्रिक) मा समावेश भए । उनी माधव नेपाल र डा. बाबुराम भट्टराई नेतृत्व सरकारमा मन्त्री भए ।

२०७० मा फोरम लोकतान्त्रिकको उम्मेदवारका रुपमा महोत्तरीबाट पराजित उनी २०७४ को निर्वाचनमा राष्ट्रिय जनता पार्टी (राजपा)बाट निर्वाचित भए । २०७९ मंसिर मा उनी लोसपाबाट संसदमा आए ।

बाँकी पृष्ठ ३ मा






# मधेश प्रदेशमा ६१......

हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ । यसैगरी, बारामा ६९ हजार ५१६ हेक्टर खेतीयोग्य जग्गा रहेकोमा ४६ हजार २० हेक्टरमा मात्र धान खेती भइरहेको छ । यहाँ ३२ हजार २१४ हेक्टर क्षेत्रफल जग्गामा धान रोपाइँ भइसकेको मन्त्रालयले जनाएको छ ।

प्रदेशको रौतहट र धनुषा जिल्लामा ६० प्रतिशत खेतमा धान रोपाइँ भइसकेको छ । रौतहटमा जम्मा ६५ हजार ९६९ हेक्टर खेतीयोग्य जग्गा छन् । यहाँ ३८ हजार हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेकोमा अहिलेसम्म २२ हजार आठ सय हेक्टर क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको मन्त्रालयका प्रवक्ता रोशन मेहताले जानकारी दिनुभयो । उहाँका अनुसार ७६ हजार ५३१ हेक्टर खेतीयोग्य जग्गा रहेको धनुषा जिल्लामा ४२ हजार ८५० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइरहेकोमा हालसम्म २५ हजार ७१० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ ।

यस वर्ष समयमै पानी परेकोले आकासे पानीबाट धान रोपाइँ गरेको प्रवक्ता मेहताले प्रदेशमा आकासे पानीसँगै स्यालो ट्युबवेल, बागमती सिँचाइ, चन्द्र नहर लगायतबाट सिँचाइ गरेर पनि धान रोपाइँ गरिने गरिएको बताउनुभयो ।

# खुट्टामा गोली प्रहार...

उपचारको लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।

लामो समयदेखि बारा, सर्लाही, महोत्तरी, सिरहा र सिन्धुलीमा पटक पटक डकैती गर्ने खुँखार डाँकालाई जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा आइतबार राति गोलि प्रहार गरी नियन्त्रणमा लिएको प्रहरी नायव उपरीक्षक सन्तुलाल जैसवारले बताए ।

महोत्तरी सोनमा गाउँपालिका-५ खैरबनीस्थित सर्लाही र मोहत्तरी सीमाना शितलपुर भन्ने स्थानमा जम्काभेट भइ डाँका गर्ने व्यक्ति उम्कन खोज्दा निजलाई नियन्त्रणमा लिन बल प्रयोग गर्नु परेको जैसवारले बताए ।

पक्राउ परेका पासवानबारेमा थप अनुसन्धान भइरहेको जैसवारले बताए ।

# शरदसिंह भण्डारी .....

विगत ३६ वर्षयता पटक-पटक मन्त्री हुँदै आएका उनले मरिचमानसिंह श्रेष्ठ, शेरबहादुर देउवा, सूर्यबहादुर थापा, कृष्णप्रसाद भट्टराई, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड'सहित ८ जना प्रधानमन्त्रीसँग गरेका छन् । उनले लोकेन्द्रबहादुर चन्द, गिरिजाप्रसाद कोइराला, झलनाथ खनाल र सुशील कोइराला नेतृत्वको सरकारमा अवसर पाएनन् ।


## छात्रवृत्ति फाराम भर्नेसम्बन्धी सूचना

**"स्वास्थ्य-शिक्षा र समृद्धि हामी सबैको चाहना"** भन्ने मूल नाराका साथ होटल विनायक प्रा.लि. बर्दिवासद्वारा स्थापित "पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान"ले बर्दिवास नगरपालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि तपसिलका विद्यालयहरुमा निःशुल्क रुपमा तपसिलका संख्यामा छात्रवृत्ति प्रदान गरिने भएकोले यहि मिति २०८१ साउन १३ गतेभित्र आफूले अध्ययन गर्ने शिक्षालय वा होटल विनायकको कार्यालयमा गई आवेदन फर्म भर्न आह्वान गरिन्छ ।

| क्र.सं. | विषय | संख्या-६ जना | विद्यालय |
|---|---|---|---|
| १. | डिप्लोमा सिभिल ईन्जिनियरिङ | १ जना | श्री जनहित नन्दलाल मा.वि. चौलिखा |
| | विज्ञान, कम्प्युटर साईन्स | १ जना | श्री जनहित नन्दलाल मा.वि. चौलिखा |
| २. | रेडियो ग्राफि-१, फार्मेसि-१, होटल म्यानेजमेन्ट-३ र फुड एण्ड डेरी-१ | जम्मा फयाकल्टीगत-१ का दरले जम्मा-६ जना | निर्मल लामा नमूना बहुप्राविधिक शिक्षालय, खयरमारा |
| ३. | बालि विज्ञान | १ जना | श्री जनता मा.वि.गौरिढाडा |
| | पशु विज्ञान | १ जना | श्री जनता मा.वि.गौरिढाडा |
| ४. | फरेष्ट्री | १ जना | श्री देउराली मा.वि. बर्दिवास |
| | नापी सर्वे | १ जना | श्री देउराली मा.वि. बर्दिवास |
| ५. | प्रि-डिप्लोमा इन कम्प्युटर ईन्जिनियरिङ | १ जना | श्री रा.मा.वि. पशुपतिनाथ बनरझुल्ला |
| ६. | डिप्लोमा इन कम्प्युटर साइन्स | १ जना | श्री जनता मा.वि. डाँडाटोल बिजलपुरा |

**पुनश्चः** छात्रवृत्ति प्राप्तिको लागि सम्बन्धित विद्यालयको प्रवेश परीक्षा अनिवार्य रुपले तथा प्रतिष्ठानको छनौट परीक्षा उत्तिर्ण गरेको हुनु पर्ने छ ।

सम्पर्क :

**पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान**

बर्दिबास-१, महोत्तरी

सम्पर्क नं. ९८४४०४५७४२, ९८०१९६०७९५, ९८५४०२०१०५













# बर्दिवासका मेयर क्षेत्रीद्वारा आफ्नो तलबभत्ता वापतको ७ लाख ७७ हजार ७ सय ७७ रुपैयाँ रक्तसञ्चारलाई सहयोग



**खबर दर्पण समाचारदाता**
**असार ३१ गते, बर्दिवास**

निर्वाचन जितेलगत्तै नगरबाट कुनैपनि सेवा सुविधा नलिने घोषणा गरेका बर्दिवास नगपालिकाका मेयर प्रल्हादकुमार क्षेत्रीले आफ्नो तलब भत्ता रेडक्रसको र क्तसंचारलाई प्रदान गरेका छन् ।

आफ्नो कार्यकालमा नगरबाट खातामा जम्मा भएको ७ लाख ७७ हजार ७ सय ७७ रुपैयाँ क्षेत्रीले रक्तसंचार केन्द्र बर्दिवासलाइ उपलब्ध गराएका हुन् । क्षेत्री दम्पतीले आफ्नो २५ औं वैवाहिक उत्सवको सन्दर्भमा रेडक्रस उपशाखा बर्दिवासका सभापति रेवन्त कार्कीलाई उक्त रकमको चेक हस्तान्तरण गरेका नगरपालिकाका प्रवक्ता बिजयकुमार महतोले जानकारी दिए ।

महतोका अनुसार बिरामी र दुर्घटनामा परेका ब्यक्तिलाई समयमै रगत उपलब्ध गराउन र रक्तदान कार्यक्रममा संकलन गरिएको रगत सवारी अभावले बिग्रने गरेको भन्दै रेडक्रसले र क्तसंचारका लागि सवारी खरिद गर्न नगरसँग सहयोग माग गरेको थियो ।

दान गरिएको रगत खेर जान नदिन र रगत अभावमै कसैलेपनि अकालमै ज्यान गुमाउनपर्ने दुःखद अवस्थाको अन्त्य गर्न आफूले उक्त रकम रक्तसंचारलाई दिएको मेयर क्षेत्रीले बताए । नगरको सेवा सुविधा नलिने आफूले घोषणा गरेको बोलीमा प्रतिबद्ध रहेको भन्दै क्षेत्रीले खातामा रहेको अन्य रकम र जम्मा हुने अन्य तलब भत्ता पनि नगरभित्रै अन्य सामाजिक कार्यमा सहयोग गर्ने बताए ।

मेयर क्षेत्री र श्रीमती मन्जुले चेक हस्तान्तरण गर्दै आफ्नो बैवाहिक खुशीसंगै अन्य खुशीका क्षणमा समेत सामाजिक कार्यमा निरन्तर सहयोग गर्ने बताएका छन् । नगरको सेवा सुविधा नलिने घोषणा गरेका क्षेत्री आफ्नै निजी सवारी प्रयोग गर्छन् ।

# खुट्टामा गोली प्रहार गरि महोत्तरी बाट कुख्यात डाँका पक्राउ

**खबर दर्पण समाचारदाता**
**असार ३१ गते, बर्दिवास**



प्रहरीको मोस्टवान्टेड सूचीमा रहेका डाँकालाई प्रहरीले गोली प्रहार गरेर नियन्त्रणमा लिएको छ । महोत्तरीको सितलपुरमा गोली प्रहार गरी डाँकालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

सर्लाही लालाबन्दी-२ का ४० वर्षीय विजेन्द्र पासवानलाई प्रहरीले एक राउन्ड गोली घुँडा मुनी प्रहार गरी नियन्त्रणमा लिएको हो । गोली लागेर घाइते भएका पासवानलाई

*बाँकी पृष्ठ २ मा*










खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा